प्रतिदिन १७औं वार्षिकोत्सव
प्रतिदिन राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**हुलाक सेवालाई प्रवर्धन गरौं ।**

- सूचना तथा सन्देश पुर्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।
- सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुऱ्याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत
- हुलाक सेवा लिन सकिन्छ,

वर्ष-१७ ।। अङ्क : २२२ ॥ २०८२ असोज ०९ गते बिहिबार (25th Sep 2025 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

# धपाउनेहरुले नै स्वागत गरी प्रहरीलाई कार्यालयमा भित्र्याए

झापा(प्रस)। भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोड गरी विस्थापित गराउनेहरुले नै भव्य स्वागत गरी प्रहरीलाई कार्यालयमा भित्र्याएका छन् ।

कचनकवल गाउँपालिकाका स्थानीयवासीहरुले नौमती बाजासहित फूलमाला, खादा र अबिरले भव्य स्वागत गरी इलाका प्रहरी कार्यालय बनियानीबाट विस्थापित प्रहरीहरुलाई बुधवार कार्यालयमा भित्र्याएका हुन् । भदौ २४ गते जेनजी आन्दोलनका कारण प्रहरी नायव निरीक्षक दिपेन्द्र गौतमको कमाण्डमा रहेका प्रहरीहरु विस्थापित बनेका थिए । उनीहरु इलाका प्रहरी कार्यालय केचनामा मर्ज भएका थिए । जिल्ला प्रहरी कार्यालयसहित झापाका चारवटा युनिट मात्र विस्थापित बनेका थिएनन् । विस्थापित बनेका ४८ वटा प्रहरी युनिटमध्ये २९ वटा युनिट पुनर्स्थापित भइसकेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । उनले बाँकी प्रहरी युनिटहरु पनि क्रमशः पुनर्स्थापित हुँदै जाने जानकारी दिए ।

विस्थापित बनेका इलाका प्रहरी कार्यालय बिर्तामोड , इलाका प्रहरी कार्यालय पृथ्वीनगर , प्रहरी चौकी हल्दिवारी , प्रहरी चौकी गोलधाप , प्रहरी चौकी जलथल ,प्रहरी चौकी घोडामारा , अस्थायी प्रहरी चौकी गरामनी , इलाका प्रहरी कार्यालय बनियानी , प्रहरी चौकी पाठामारी ,प्रहरी चौकी शरणामती , प्रहरी चौकी टाँघनडुब्बा ,प्रहरी चौकी घेरावारी , इलाका प्रहरी कार्यालय नकलबन्दा ,प्रहरी चौकी बाहुनडाँगी ,प्रहरी चौकी सतिघट्टा , प्रहरी चौकी ज्यामिरगढी , अस्थायी प्रहरी चौकी दुर्गापुर ,प्रहरी चौकी शनिश्चरे ,प्रहरी चौकी तोपगाछी ,प्रहरी चौकी बाघखोर ,प्रहरी चौकी धरमपुर , इलाका प्रहरी कार्यालय दमक ,प्रहरी चौकी तारावारी , प्रहरी चौकी कोहवरा ,प्रहरी चौकी महाभारा ,प्रहरी चौकी कुञ्जीवारी , अस्थायी प्रहरी चौकी जुरोपानी ,इलाका प्रहरी कार्यालय बुधवारे र अस्थायी प्रहरी पोस्ट नयाँ बसपार्क पुनर्स्थापित भएका हुन् ।



आन्दोलनका नाममा प्रहरीलाई विस्थापित गराएपछि गाउँ शहरमा अपराध बढ्न थालेको थियो । त्यही भएर स्थानीयहरुले आफै पहल गरेर प्रहरीलाई पुनर्स्थापित गराएका हुन् । आन्दोलनकारीहरुले प्रहरी कार्यालयमा आगजनी गरेर ध्वस्त बनाएपछि पुनर्स्थापित भएका प्रहरीहरुले साविकको जस्तो काम गर्न सकिरहेका छैनन् । प्रहरी कार्यालयमा आक्रमण गरी हतियार लुट्ने , प्रहरीलाई घाइते बनाउने , सरसामान लुटपाट गर्नेजस्ता कार्यले प्रहरीको मनोवल गिरेको पाइएको छ । उनीहरुलाई बस्ने र काम गर्ने वातावरण बनाइदिने दायित्व स्थानीय नागरिकहरुको हो ।

# प्रधानमन्त्री कार्कीले आज साँझ राष्ट्रका नाममा सम्बोधन गर्ने



झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले आज राष्ट्रका नाममा सम्बोधन गर्ने भएकी छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार बिहीबार दिउँसो ४ बजे मन्त्रिपरिषद्को बैठक बस्ने र साँझ ६ बजे प्रधानमन्त्री कार्कीले राष्ट्रका नाममा सम्बोधन गर्ने कार्यतालिका तय भएको छ ।

'जेनजी' विद्रोहपछि गठित अन्तरिम सरकारको नेतृत्व गरेकी प्रधानमन्त्री कार्कीले पहिलो पटक राष्ट्रका नाममा सम्बोधन गर्न लागेकी हुन् ।

गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री पदमा नियुक्त भएकी थिइन् । भदौ २३ जेन-जी विद्रोह र २४ मा भएको आन्दोलनको जगमा अन्तरिम सरकार गठन भएको थियो ।

प्रधानमन्त्री कार्की नेतृत्वको अन्तरिम सरकारले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ । उनको नेतृत्वमा तेस्रो पटक मन्त्रिमण्डल विस्तार भई मन्त्रिमण्डललाई वर्तमान सरकारको प्राथमिक कार्यभार छ महिना अर्थात् फागुन २१ गने निर्वाचन सम्पन्न गर्ने रहेको छ ।

# जिल्ला पार्टी कार्यालयमध्ये सबैभन्दा बढी क्षति एमालेको



झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीहरुले बिर्तामोडमा रहेका तीनवटा राजनीतिक दलको जिल्ला पार्टी कार्यालयमा आगजनी गरिरहँदा सबैभन्दा बढी क्षति नेकपा एमालेलाई पुगेको छ ।

बिर्तामोड ४ स्थित एमालेको जिल्ला पार्टी कार्यालयमा भएको तोडफोड र आगजनीबाट ४० लाखभन्दा बढीको क्षति भएको हो । भदौ २४ गते आन्दोलनकारीहरुले एमालेको जिल्ला पार्टी कार्यालयसंगै अर्जुनधारा ६ मा रहेको कांग्रेसको जिल्ला पार्टी कार्यालय र बिर्तामोड ३ मा रहेको माओवादीको जिल्ला पार्टी कार्यालयमा आगजनी गरेका थिए ।

अघिल्लो दिन भदौ २३ गते बेलुकाको तोडफोड र भोलिपल्ट गरिएको आगजनीबाट एमाले पार्टी कार्यालयमा ४० लाखभन्दा बढीको क्षति भएको कार्यालय सचिव छविलाल विश्वकर्माले बताए । आगजनीबाट भवनमा क्षति पुग्नुका

❖ बाँकी पृष्ठ ४ मा

# कांग्रेसको पार्टी कार्यालयमा १० लाख बढीको क्षति

विर्तामोड(प्रस)। जेनजी आन्दोलनका नाममा भदौ २४ गते नेपाली कांग्रेस झापाको पार्टी कार्यालयमा भएको तोडफोड र आगजनीबाट १० लाख बढीको क्षति भएको छ ।जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीले जिल्ला पार्टी कार्यालयका भौतिक संरचना तोडफोड गर्नुका साथै आगजनी गरेका थिए । आगजनीबाट जिल्ला पार्टी कार्यालयमा १० लाख बढीको क्षति पुगेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

आगलागीले क्षति पुगेको पार्टी कार्यालयको आज कांग्रेसका नेता कार्यकर्ताहरुले निरीक्षण गरेका छन् । कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला, महामन्त्री विश्वप्रकाश शर्मालगायतको टोलीले निरीक्षण गरेको हो । पूर्व महामन्त्री सिटौलाले विध्वंशात्मक घटनाका योजनाकार र संलग्नहरु समयक्रमसँगै खुल्दै जाने बताए । त्यस्तै महामन्त्री शर्माले जेनजीको भावना बमोजिम राजनीतिक दलहरुले आफूलाई परिमार्जन गर्दै जनताका बीचमा जानुपर्ने धारणा राखे । सो क्रममा नेकपा एमालेका जिल्ला अध्यक्ष प्रेम गिरी र पूर्व सांसद हरिचरण शिवाकोटीले दलहरुको भावी कार्यक्रमका बारेमा कांग्रेस नेताहरुसँग जिज्ञासा राखेका थिए । आगलागी भएका कांग्रेस र एमालेको पार्टी कार्यालयमा पुगेको क्षतिको अवलोकनका क्रममा नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापा, झापा सभापति देउकुमार थेवे, प्रदेशसभा सांसद गोपाल तामाङ, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य मिरा खड्का नेपाली कांग्रेस झापा उपसभापति केशवराज पाण्डे, सचिव कृष्ण हुमागाईंलगायतका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# अन्तरिम सरकारका मन्त्रीहरूले प्रेस संयोजक राख्न नपाउने

झापा(प्रस) ।सरकारले संघ सरकार र प्रदेश सरकारका मन्त्रीहरूले प्रेस संयोजक राख्न नपाउने व्यवस्था गरेको छ ।

अर्थ मन्त्रालयका अनुसार असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । मन्त्रालयका अनुसार प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

सरकारले संघ र प्रदेश सरकारका मन्त्रीलगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने पनि भएको छ ।




त्यस्तै यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने व्यवस्था पनि सरकारले गरेको छ ।

विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक माथिल्लो तह तोकी दिने गरिएका थप सुविधा खारेज गरिएको छ ।

यसैगरी सरकारले सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने भएको छ । त्यस्तै, महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने पनि सरकारले निर्णय गरेको छ । ग्यास, साइकल, स्वास्थ्य बिमा शुल्क, विद्युत महसुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने निर्णय समेत सरकारले

❖ बाँकी पृष्ठ ३ मा

# मतदाता नामावली ऐन संशोधन अध्यादेश जारी



झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले मतदाता नामावली ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गरेका छन् । राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार बुधबार राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गरेका हुन् ।

सरकारले फागुन २१ गते चुनावको घोषणा गरेसँगै नयाँ मतदाताको नाम सङ्कलनको बाटो खुला गर्न मतदाता नमावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिसमक्ष पेश गरेको थियो ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार आयोगले नयाँ मतदाता सङ्कलनका लागि कार्ययोजना बनाएर लागू गर्नेछ । सोही योजना अनुसार कुन मितिबाट सुरु गरेर कहिलेसम्म सङ्कलन गर्ने भन्ने मिति तय हुनेछ । २०८२ फागुन २० गते १८ वर्ष उमेर पुगेका मतदाताले फागुन २१ मा हुने निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

# प्रधानमन्त्री र राष्ट्रपतिको विदेश भ्रमण टोली १० जना कायम



झापा(प्रस) ।सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले सरकारी पदाधिकारीहरूको अनावश्यक विदेश भ्रमण रोक्ने र भ्रमण टोलीका सदस्यहरूको सीमा निर्धारण गरेको छ ।

मन्त्रिपरिषद् बैठकले अनावश्यक विदेश भ्रमण रोक्ने र भ्रमण टोलीको अत्याधिक संख्या सीमा तोक्ने निर्णय गरेको अर्थ मन्त्रलायले जनाएको छ ।

'सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जना मात्र सदस्य रहने', सरकारको निर्णयमा भनिएको छ ।

यसैगरी सरकारले संघ र प्रदेश सरकारका मन्त्री लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा अलग्गै कार्यकक्ष उपलब्ध गराउने यसअघिको निर्णय खारेज गरेको छ । साथै स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा पनि नदिने निर्णय सरकारले गरेको छ ।

# माओवादी पार्टी कार्यालयमा पाँच लाखको क्षति



झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीहरुले आगजनी गर्दा नेकपा माओवादी केन्द्र झापाको पार्टी कार्यालयमा करिव पाँच लाख बराबरको क्षति भएको छ ।

बिर्तामोड ३ स्थित गौरीशंकर खड्का स्मृति प्रतिष्ठानमा रहेको माओवादी पार्टी कार्यालयको सरसामान र कागजात आन्दोलनकारीहरुले बाहिर निकालेर आगो लगाएका थिए । आगजनीबाट ३ सेट सोफासेट , २ थान कम्प्युटर , एक थान फोटोकपी मेशिन, एक थान प्रिन्टर , ५३० वटा प्लास्टिकका कुर्सी , ६ थान दराज , टेबुल कुर्सीलगायतका सामान जलेर नष्ट भएको नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य अग्नीले बताए । उनले पार्टी कार्यालयमा रहेका महत्वपूर्ण कागजात पनि जलाएको जानकारी दिए ।

आन्दोलनकारीहरुले सोही भवनको भुइँतलामा रहेको यातायात व्यवस्था कार्यालयको डेक्स बेन्च पनि जलाएका छन् । उनीहरुले नजिकै रहेको यातायात व्यवस्था कार्यालयको भवनमा समेत तोडफोड र आगजनी गरी ठूलो क्षति पुर्याएका छन् ।

झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६ www.pratidindaily.com www.facebook.com/pratidinnationaldaily


**जिल्ला...**

साथै ४ वटा कोठाको सोफा सेट , ३ थान कम्प्युटर , २ थान इन्भर्टर , एक थान प्रोजेक्टर , साढे ४ सय प्लाष्टिकका कुर्सी , टेबल ७ थान , भीआइपी कुर्सी ८ थान , पंखा २८ थान , टीनको दराज ८ थान , काठको दराज २ थान , एसी पाँच थानलगायतका सामान जलेर नष्ट भएको कार्यालय सचिव विश्वकर्माले जानकारी दिए ।

त्यस्तै आगजनीबाट महत्वपूर्ण कागजातहरु जलेर नष्ट भएका छन् । पार्टी सदस्यताको रेकर्ड , पार्टी संचालनको कागजात लगायतका महत्वपूर्ण अभिलेखहरु जलेका हुन् । जिल्लाका करिव ४९ हजार सदस्यमध्ये २० हजारको रेकर्डमात्र इमेलमा सुरक्षित रहेको उनले जानकारी दिए ।

जेनजी आन्दोलनको पहिलो दिन नै एमाले पार्टी कार्यालयमा आक्रमण भएको थियो । बेलुका आन्दोलनकारीहरुले पार्टी कार्यालयमा राखिएको जिल्ला अध्यक्ष प्रेमबहादुर गिरी र प्रदेश सांसद छविलाल चुडालको गाडीसंगै अन्य दुईवटा मोटरसाइकलमा तोडफोड गरेका थिए ।

आन्दोलनकारीहरुबाट जोगाउन जिल्ला अध्यक्ष गिरीले भोलिपल्ट आफ्नो गाडी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेका थिए । आन्दोलनकारीहरुले इलाका प्रहरी कार्यालय बिर्तामोडमा आगजनी गर्दा अध्यक्ष गिरीको गाडी पनि जलाएका छन् ।

आन्दोलनकारीहरुले आगजनी गरेको केही समयपछि दमकल मुश्किलले आइपुगेर एमाले पार्टी कार्यालयको आगो निभाएको थियो । जसका कारण पार्टी कार्यालय पूर्णरुपमा ध्वस्त हुन पाएन । आन्दोलनकारीहरुले पार्टी कार्यालयसंगै रहेको शिक्षक संगठनको हलमा पनि तोडफोड गरी क्षति पुर्याएका छन् ।


२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : मेघराज बास्तोला

**बिर्तामोड साना सहरी खानेपानी तथा उपभोक्ता संस्था परिवार**

बिर्तामोड, झापा


## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर
**अनारमनी वितरण केन्द्र**

फोन:
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

# विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

उपरोक्त सम्बन्धमा निर्माणाधीन अनारमनी चन्द्रगढी ३३ केभी लाइनको Right Of Way (ROW) clearance को लागि यस अनारमनी वितरण केन्द्र अन्तर्गत अनारमनी अफिसदेखि सैनिकमोडसम्म double circuit निर्माण , १४.५ m पोल गाडी क्रसिङ्ग हटाउने कार्य अन्तिम चरणमा रहेको र अब १४.५ m Pole गाडी क्रसिङ्ग हटाउने कार्य मात्र बाँकी भएको र पोल समेत गाडिसकेको र तार तान्न बाँकी भएकाले उक्त कार्य अत्यावश्यक गर्न लाइन सटडाउन गर्नुपर्ने भएकाले मिति २०८२ असोज ९ गते विहीबार गरामनी , धुलाबारी ,चारआली , गोलधाप फिडर बिहान ५:३० बजेदेखि बिहान ९:३० बजेसम्म अबरुद्ध हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

कार्यप्रगति अनुसार लाइन आउने समय तोकिएको समयभन्दा १ घन्टा तल/माथि हुन सक्नेछ । विद्युत अबरुद्ध भएर पर्न गएको असुविधाप्रति नेविप्रा क्षमाप्राथी छ ।

**– नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**


२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : किशोर भट्टराई

**धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : निरजकुमार ओली
सचिव : सिताराम नेपाल

**कृषि बजार ब्यवस्थापन समिति परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

ओमकृष्ण बिमली
केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष

**चेम्बर अफ कमर्स परिवार**

झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : सुवास भट्टराई

**सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : रबिन्द्रप्रसाद लिङ्देन
प्रमुख प्रशासकीय अधिकृत : मानबहादुर वन (महेन्द्र)

**हल्दिवारी गाउँपालिकाको कार्यालय परिवार**

झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : जितनारायण चौधरी
ब्यवस्थापक : सन्तोष दाहाल

**अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : सुब्रत न्यौपाने

**शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : राजु न्यौपाने

**बिर्तामोड उद्योग वाणिज्य संघ परिवार**

बिर्तामोड, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रिन्सिपल : डा.पृथ्वीबिक्रम राई

**एमरेल्ड एकेडेमी स्कूल परिवार**

भद्रपुर, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रिन्सिपल : मिनादेवी भट्टराई

**बिदुर बोर्डिङ स्कूल परिवार**

भद्रपुर, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

**सन्तोष ट्रेडिङ परिवार**

भद्रपुर, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

केन्द्रीय सचिव : युवराज कार्की (पर्वत)


**नेपाल लेखापढी कानुन ब्यवसायी संघ परिवार**

झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

इनड्राइभको दशैं विशेष

# ड्राइभरहरुका लागि शून्य प्रतिशत सेवा शुल्क




झापा(प्रस) । ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले यस दशैंको अवसरमा काठमाडौंका ड्राइभर पार्टनरहरुको लागि विशेष सुविधा ल्याएको छ । यसको पियर-टु-पियर (पी-टु-पी) मोडलमार्फत इनड्राइभले यात्रु र चालक दुवैलाई स्वतन्त्र रूपले राइड लिने अधिकार र फेयर मूल्य निर्धारणको सुविधा प्रदान गर्दै सुरक्षित, किफायती र सहज यात्राको अनुभव सुनिश्चित गर्दछ ।

फ्रीडम अफ चोइस् र फेयर प्राइस - इनड्राइभमार्फत यात्रु र चालकले यात्रा सुरु हुनुअघि नै भाडाबारे आपसी सहमति गर्ने हुनाले दुवैतर्फ उचित मूल्य तय हुन्छ। यो पी-टु-पी मोडलले पारदर्शिता र फलेक्जीविलिटी सुनिश्चित गर्छ, जसले दुबै पक्षलाई आफ्ना लागि उपयुक्त विकल्प छान्ने अधिकार दिन्छ। यसले गर्दा दुवै पक्षलाई वास्तविक स्वतन्त्रताको अनुभव हुन्छ ।

ड्राइभरहरुका लागि शून्य प्रतिशत सेवा शुल्क

दशैंको अवसरमा इनड्राइभले राजधानीका आफ्ना ड्राइभर पार्टनरहरूलाई विशेष ध्यानमा राख्दै उनीहरुलाई शून्य प्रतिशत सेवा शुल्कको घोषणा गरेको छ। यस अन्तर्गत दशैं अवधिभर ड्राइभरहरूले कुनै पनि सेवा शुल्क तिर्नुपर्ने छैन र राईडको क्रममा भएको सम्पूर्ण आम्दानी उनीहरूले नै सय प्रतिशत राख्न पाउनेछन्। आशीर्वाद र सद्भाव बाँड्ने समय दशैंको अवसरमा इनड्राइभले आफ्नो सेवाको मूल आधार चालकहरूप्रति आभार प्रकट गर्न शून्य प्रतिशत सेवा शुल्कको घोषणा गरेको हो। यस अवसरमा चालकहरूले थप आम्दानी गर्दै आर्थिक बोझ हल्का गर्ने र निश्चिन्त भएर आफ्नो परिवारसँग रमाइलो समय बिताउन सक्नेछन् । "इनड्राइभमा हामी आफूलाई ठूलो समुदायको हिस्सा मान्छौं। हामीलाई विश्वास छ कि आपसी सहयोग र समर्थनमै बलियो समुदाय निर्माण हुन्छ। यसै भावना अनुरूप दशैंको अवसरमा हामीले ड्राइभर पार्टनरहरूलाई थप आम्दानी गर्न सहयोग पुग्ने र यात्रुहरूले पनि सुरक्षित तथा निष्पक्ष यात्राको अनुभव पाउन सक्ने वातावरण बनाउन चालकहरूका लागि शून्य प्रतिशत सेवा शुल्कको सुविधा उपलब्ध गराएका छौं," इनड्राइभ नेपालकी कन्ट्री रिप्रिजेन्टेटिभ रीता पोखरेलले भनिन्।

सुरक्षा इनड्राइभको सर्वोच्च प्राथमिकता हो। यात्रु तथा उनीहरूका प्रियजनहरूको लागि रियल-टाइम राइड ट्र्याकिङ, चालक र यात्रु दुवैका लागि विश्वसनिय र पारदर्शी रेटिङ प्रणाली, चाँडो सहायता उपलब्ध गराउने र हप्ताको सातै दिन चौबिसै घण्टा चल्ने इन-एप सपोर्ट तथा यात्रुहरूले राईडको विवरण आफ्नो विश्वसनीय सम्पर्कमा शेयर गर्न सक्ने "सेयर-ट्रिप" जस्ता सुविधाहरू मार्फत इनड्राइभले सुरक्षालाई प्रभावकारी रूपमा मजबुत बनाएको छ।

्यी फिचरहरूले प्रत्येक यात्रा केवल सुविधाजनक र न्यायोचित मात्र नभई सुरक्षित र भरपर्दो पनि बनाउँछ। यस दशैंमा इनड्राइभ काठमाडौंका यात्रुहरूलाई थप यात्रा गर्न र स्थानीय चालकहरूलाई राइड लिन आमन्त्रण गर्दछ। इनड्राइभ रोज्दा यात्रुहरूले किफायती, सुरक्षित र आफ्नो रोजाई अनुसारको यात्रा गर्न पाउँछन् भने चालकहरूले आफ्नो मेहनतको आम्दानी बढी राख्न सक्छन्। यसरी समुदायले दशैंलाई अझ बढी खुशी र समृद्धिसहित मनाउन सक्नेछ।

# शेयर लगानीकर्तामा फेरी उत्साह

झापा । अर्थ मन्त्रालयको सकारात्मक पहलसँगै तर्सिएका शेयर लगानीकर्तामा फेरी उत्साह थपिएको छ।

लामो समयदेखि उत्साहिन अवस्थाबाट गुज्रिरहेको शेयर बजार जेनजी आन्दोलनपछि थप त्रसित बन्यो । एक हप्ता बन्द भएर खुलेको बजारमा ठूलो पहिरो समेत गयो । तर अर्थ मन्त्रालयको सकारात्मक पहलसँगै बजार पुनः आफ्नै लयमा फर्किने संकेत गरेको छ ।

जेनजी आन्दोलन पछि त शेयर बजारका लगानीकर्ता यति त्रसित भएकी केही समय त कारोबार खोल्ने आँटै गर्न सकेनन् । उसैपनि ओरालो लागिरहेको बजारमा थप गुमाउनुपर्ने त्राससँगै लगानीकर्ताकै आग्रहमा केही दिन कारोबार रोकियो । उसै पनि ठूल्ठूला दैवी प्रकोप वा आकस्मिक घटनाहरुले शेयर बजार पनि प्रभावित हुने गर्दछ । सुशासनको मागसहित उठेको युवाको आन्दोलनले सत्ता मात्रै उलपलट गरिदिएन, मुलुकमा थुप्रै भौतिक क्षति समेत पुर्यायो । निजी क्षेत्रमा मात्र ८० अर्ब बढीको क्षति भएको प्रारम्भिक अनुमान छ । २५ अर्ब बढीको बीमा दावी परेको छ । यसको असर बजारमा पर्ने त्रास लगानीकर्तामा थियो । भयो पनि त्यस्तै । आन्दोलन पछिको पहिलो कारोबारको दिन गत बिहीबार शेयर बजारमा डेढ सय अंक बढीको पहिरो गयो । एकै दिन लगानीकर्ताले अर्बौं गुमाए । त्यसपछिका दुई दिन उसैगरी उकालो लागेर त्यो घाटा पूर्तिसँगै निर्जीवन बीमा समूह समेत बौरिएको छ ।

लगानीकर्ता के उत्साहितै भएका हुन् त ? कालो बादलमा चाँदीको घेरा हुन्छ भने झैं अन्तरिम सरकारको अर्थमन्त्रीमा रामेश्वर खनाल आउँदा शेयर लगानीकर्ताका साथै सिंगो आर्थिक क्षेत्रमा पक्कै आशाको सञ्चार भएकै छ ।

अर्थ सचिव समेत रहिसकेका अनुभवी एवं इमानदार छविका खनालले आर्थिक क्षेत्रलाई पक्कै सही दिशा दिन सक्छन् भन्ने विश्वास आर्थिक क्षेत्रमा छ । अझै रोचक त के छ भने अघिल्लो सरकारले अर्थतन्त्र सुधारका लागि सुझाव दिन गठन गरेको सुझाव आयोगकै संयोजक रहेका खनाल आफ्नै प्रतिवेदन कार्यान्वयनको जिम्मेवारीमा पुगेका छन् । आयोगले समग्र अर्थतन्त्रसँगै शेयर बजार सुधारका लागि पनि दर्जन बढी सुझाव दिएको छ । आयोगले धितोपत्र व्यवसायीमार्फत मार्जिन कर्जा उपलब्ध गराउने, जलविद्युत कम्पनीलाई उत्पादन शुरु गरेपछि मात्रै प्राथमिक शेयर निष्कासन (आईपीओ) जारी गर्न दिने, गैरआवासीय नेपालीलाई दोस्रो बजारमा कारोबार गर्न अनुमति दिने, सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार तुरुन्त शुरु गर्ने, बोर्डको कार्यक्षमता बढाउने, कारोबार शुल्कमा कटौती गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जको पुनसंरचना गर्नुपर्ने लगायतका सुझाव दिएको छ । बजारमा पहिरो गएलगत्तै अर्थमन्त्री खनालले धितोपत्र बोर्डका निर्देशकको संयोजकत्वमा ५ दिनभित्र सुझाव दिन भन्दै कार्यदल गठन गरे । जसले पनि लगानीकर्तामा केही उत्साह जगाएको हुनुपर्छ । अर्थतन्त्रको प्रभावले बजार प्रभावित भयो भन्ने हो भने पनि भूकम्प, नाकाबन्दी, कोभिड महामारी जस्ता विपदले अर्थतन्त्र प्रभावित भएकै बेला नेप्सेले अलटाइम हाइको रेकर्ड बनाएको इतिहास छ । शेयर बजारलाई अर्थतन्त्रको ब्यारोमिटर भन्ने गरे पनि नेपालमा बजार र अर्थतन्त्रबीच खासै त्यस्तो लय मिलेको पाइँदैन । कम्पनीका पर्फमेन्सका आधारमा बजार घट् यो भनौं भने बजारको दिशा र कम्पनीका उपलब्धि मिल्ने त के, कतिपय त पूरै उल्टो भएको पनि देखिएका छन् ।

अब्बल कम्पनी भन्दा कमजोर कम्पनीमा सकारात्मक सर्किट लाग्नु नेपाली शेयर बजारको विझाउने यथार्थ हो । अर्थतन्त्रमा केही सुधार आएको समयमा पनि नेप्सेले ३ हजार २ सयको नेटो काट्न सकेको छैन । लगानीकर्ताले चाहेका चाहीं के हो त ? नयाँ सरकारबाट लगानीकर्ताको अपेक्षा के छ ? अर्थतन्त्र भन्दा पूँजी बजार विशेष नीति र नियामकका कारण बजार उकासिन नसकेको क्यापिटल म्याक्स सेक्युरिटिजका अध्यक्ष अतितलाल श्रेष्ठको बुझाइ छ । अर्थमन्त्री खनालले बजारको समस्या बुझ्न कार्यदल बनाएसंगै लगानीकर्ता केही उत्साही त देखिएका छन् । तर सुझाव संकलन भन्दा अब सुझाव कार्यान्वयनमा बढी पहल गर्दा बजारमा दीर्घकालीन सुधार आउने सरोकारवालाको ठम्याई छ ।

# भदौमा अठ्ठाइस अर्बले बढ्यो आयात

झापा(प्रस) ।भदौको अन्तिम साता ठुलो राजनीतिक उथलपुथल बेहोरे पनि मुलुकको अन्तर्राष्ट्रिय व्यापारमा त्यसको प्रभाव नदेखिएको तथ्याङ्कहरूले देखाएका छन् ।

त्यसको विपरीत वस्तु आयात उकालो लागेको छ । असोजको सुरुवातसँगै दसैंको चहलपहलसमेत सुरु भइसकेको अवस्थामा भदौमा आयात विगतको तुलनामा अत्यधिक बढेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ ।

विभागल सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिना (साउन-भदौ) को अन्तर र्षिट्रय व्यापारसम्बन्धी तथ्याङ्क अनुसार नेपालले तीन खर्ब पाँच अर्ब १५ करोड रुपियाँ बराबरको वस्तु आयात गरेको छ ।

यो गत आवको दुई महिनाको तुलनामा १६.२३ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा नेपालले दुई खर्ब ६२ अर्ब ५४ करोड रुपियाँ बराबरको वस्तु आयात गरेको थियो ।

भदौमा मात्रै आयातको तथ्याङ्क अझ बढी छ । यस वर्ष भदौमा एक खर्ब ६२ अर्ब ११ करोड रुपियाँको वस्तु आयात भएको देखिन्छ । जबकि गत वर्ष भदौमा एक खर्ब ३४ अर्ब १६ करोड रुपियाँ बराबरको वस्तु आयात भएको थियो । जेनजी आन्दोलनकै बिच पनि भदौमा आयात गत वर्षको तुलनामा करिब २८ अर्ब रुपियाँले बढेको देखिन्छ ।

निर्यात व्यापारमा पनि चालु वर्ष अत्यन्त ठुलो सुधार देखिएको छ । गत वर्षको दुई महिनाको तुलनामा वस्तु निर्यात ८८.५७ प्रतिशतले बढेर ४७ अर्ब ३१ करोड रुपियाँ पुगेको छ । गत वर्ष भदौसम्म नेपालबाट २५ अर्ब रुपियाँ बराबरको वस्तु निर्यात भएको थियो ।





२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्वत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : कुमार बस्नेत

क्याम्पस प्रमुख : प्रेमप्रसाद भट्टराई

**मनकामना कलेज परिवार**

बिर्तामोड, झापा


# झुम्का कारागारबाट भागेका ९५८ फरार कैदी पक्राउ

झापा(प्रस) । सुनसरीको झुम्का कारागारबाट जेन्जी आन्दोलनको क्रममा भागेका कैदीमध्ये ९५८ जनालाई प्रहरीले नियन्त्रणमा लिन सफल भएको छ।
ज्ञ
१७९६ जना कैदी आन्दोलनको अवसर पारेर भागेका थिए।

यसमध्ये २५५ जनालाई प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले जानकारी दिए। भागेका कैदी मध्ये ८३८ जना आफैं सम्पर्कमा आएका छन्। बाँकी फरार कैदीको खोजीका लागि अहिले प्रहरी परिचालन गरिएको डीएसपी खतिवडाले बताए। फरार भएका मध्ये धेरै जना गम्भीर आपराधिक घटनामा संलग्न भएर कैद सजाय भोगिरहेका थिए। उनीहरूलाई पक्राउ गरेर पुनः कारागार पठाउने काम भइरहेको डीएसपी खतिवडाले बताए ।

फरार कैदीको खोजीका लागि जिल्ला प्रहरी कार्यालयले विशेष टोली खटाएको छ। इलाका प्रहरी कार्यालयदेखि प्रहरी चौकीसम्म उच्च सतर्कता अपनाइएको छ। झुम्का कारागारबाट यति ठूलो संख्यामा कैदी भाग्नु हालसम्मकै ठूलो घटना मानिएको छ। जेनजी आन्दोलनको क्रममा कारागारमा तोडफोड र आगजनी भएपछि कैदीहरू फरार भएका थिए। यस घटनाले मुलुकभरका कारागार सुरक्षाबारे गम्भीर प्रश्न उठाएको छ। विज्ञहरूले कारागारको संरचना, सुरक्षा प्रणाली र व्यवस्थापनमा सुधार आवश्यक भएको टिप्पणी गरेका छन्।

## अन्तरिम...

गरेको छ ।

त्यस्तै सरकारले सांसद र राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ । असोज ५ गते सरकारले मन्त्रीस्तरीय निर्णय गर्दै यस्तो सुविधा खारेज गरेको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरिने भएको हो । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीहरूले भने स्वकीय सचिव राख्न पाउनेछन् । त्यस्तै, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति गर्न नपाउने भएका छन् ।

अर्थ मन्त्रालयले मुलुकको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र स्रोतको प्रभावकारी परिचालन सुनिश्चित गर्न यस्ता सुविधा खारेज गरेको जनाएको छ।सार्वजनिक संरचनाको पुनर्निर्माण, मर्मत, सार्वजनिक सेवा प्रवाह, निर्वाचन खर्च व्यवस्थापन, र आर्थिक पुनरुत्थान जस्ता तत्काल आवश्यक क्षेत्रहरूमा स्रोत केन्द्रित गर्न विकास आयोजनाहरूको पुन प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता सम्बन्धी नयाँ निर्देशनहरू जारी गरिएको हो। मन्त्रालयले सरकारी मन्त्रालय, निकाय, प्रदेश सरकार, र स्थानीय तहमा कार्यान्वयनका लागि पठाइएको छ। सरकारले स्रोत सहमति लिई निर्माणाधीन आयोजनाहरूलाई बजेटको कमी हुन नदिई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। तर, मन्त्रालयगत बजेट सूचना प्रणाली मा नयाँ, पूर्वतयारी नभएका, र कम महत्वका साना आयोजनाहरूको बजेट रोक्का गर्ने निर्णय गरिएको छ। उद्देश्यभन्दा बाहिर र कम महत्वका क्षेत्रमा विनियोजित बजेट, साथै पहिचान नभएका र उपयोगिता नदेखिएका एकमुष्ट बजेट पनि रोक्का गरिएको छ। प्रदेश र स्थानीय तहबाट सञ्चालन हुन सक्ने प्रकृतिका साना र खुद्रे आयोजनाहरूमा विभिन्न मन्त्रालयहरूबाट भएको बजेट विनियोजनलाई पनि रोक्का गरिएको छ।

तर, अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भइसकेको तर भुक्तानी बाँकी रहेका क्रियाकलापहरूका लागि भने सम्बन्धित मन्त्रालयको मागबमोजिम रोक्का फुकुवा गरिनेछ। राष्ट्रिय प्राथमिकताका, स्रोत सहमति भएका, र क्रमगत आयोजनाहरूमा दायित्व सिर्जना भइसकेको तर न्यून बजेट विनियोजन भएका आयोजनाहरूका लागि रोक्का रहेका उपशीर्षकहरूबाट रकमान्तर गरी खर्चको व्यवस्थापन गरिनेछ। चालु खर्च घटाउनका लागि सरकारले कडा उपायहरू अपनाएको छ। अबदेखि, अत्यावश्यकबाहेकका तालिम, गोष्ठी, र सेमिनार सञ्चालन गरिने छैन र गर्नै परेमा सरकारी हल वा अनलाइन माध्यमको प्रयोग गरिनेछ। सरकारी खर्चमा हुने विदेश भ्रमणमा पनि रोक लगाइएको छ। त्यस्तै, सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीहरूलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध गराइने छैन। तर, कानुनबमोजिम गठन भएको समितिको काममा कार्यालय समयभन्दा बाहिरको बैठकका लागि भने भत्ता दिन सकिनेछ।





२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्वत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : टसबहादुर श्रेष्ठ

**कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ